**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०२ अगष्ट २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले उत्तर प्रदेशको वाराणसीबाट प्रधानमंत्री किसान य़ोजनाको 20 औं किस्ताको रुपमा किसानहरुलाई 20 हजार 500 सय करोड़ रुपियाँ जारी गर्नुभयो।

- पश्चिम बंगाल सरकारले 'आमादेर पाडा आमादेर समाधान ' नामक नयाँ योजना सुरु गरेको छ।

- भारतीय गोर्खा जनशक्ति फ्रन्ट  अनि हिल्स तराई डुवर्स श्रमिक संगठनले यसपल्ट चिया बगानका श्रमिकहरूका लागि २०% बोनसको माग गरेका छन्।

- सशस्त्र सीमा बल (एसएसबी) रानीडाङ्गाको विशेष टोलीले भारत-नेपाल सीमामा अवस्थित पानीट्याङ्की बजारबाट मानव तस्करीको ठूलो र्‍याकेटको भण्डाफोर गरेको छ।

- चुङथुङ युथ स्पोर्टिङ्ग क्लबले आगमी 9 अगस्त देखि इन्टर गार्डन फुटबल टुर्नामेन्टको आयोजन गर्ने भएको छ।

**पीएम-किसान किस्त**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज वाराणसीबाट किसान सम्मान निधिको 20 औं किस्ता जारी गर्नुभयो र देशभरिका 9 करोड 70 लाखभन्दा बढी किसानहरूको बैंक खातामा सोझै 20 हजार पाँच सय करोड रुपैयाँ हस्तान्तरण गर्नुभयो। श्री मोदीले आज वाराणसीमा 22सय करोड रुपियाँलागतका 52 विकास परियोजनाहरूको शिलान्यास र शुभारंभ पनि गर्नुभयो। यस अवसरमा प्रधानमंत्रीले एक जनसभालाई संबोधित गर्दै काशीसित आफ्नो विशेष सम्बन्ध रहेको भन्नुभयो । उहाँले भन्नुभयो अपरेशन सिन्दूरको सफलता पछि, उहाँ पहिलो पटक काशी आउनु भएको हो र बाबा विश्वनाथको आशीर्वादले भारतले पहलगाम हमलाका पीडितहरूलाई न्याय दिलाएको छ। प्रधानमन्त्रीले अपरेशन सिन्दूरको सफलता बाबा विश्वनाथलाई समर्पित गर्नुभयो। उहाँले 140 करोड भारतीयको एकता र शक्तिको परिणामस्वरूप अपरेशन सिन्दूर सफल भएको भन्नुभयो। किसानहरूको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो प्रधान मंत्री किसान सम्मान निधि किसानहरूको कल्याणप्रति सरकारको प्रतिबद्धताको एक उदाहरण हो। उहाँले भन्नुभयो हाम्रो सरकारले पछिल्लो  एक दशकमा किसानहरूको हरेक समस्या समाधान गर्न पूर्ण शक्तिका साथ काम गरेको छ। उहाँले विपक्षको नकारात्मक कुराको आलोचना गर्नुभयो।प्रधानमन्त्रीले भन्नुभयो **पीएम किसान सम्मान निधि** अन्तर्गत अहिलेसम्म किसानहरूको खातामा 3 लाख 75 करोड रुपियाँ स्थानान्तरण गरिएको छ। यसमध्ये उत्तर प्रदेशका 2.5 करोड किसानहरूलाई 90 हजार करोड रुपियाँ र काशीका किसानहरूलाई 900 करोड रुपियाँ प्रदान गरिएको छ।प्रधानमन्त्रीले सरकारले किसानहरूका लागि नयाँ योजना, पीएम धन धान्य योजना पनि सुरु गरेको जानकारी दिनु भयो|

**मुख्यमन्त्री-आमादेर पाडा आमादेर समाधान**

पश्चिम बंगाल सरकारले 'आमादेर पाडा आमादेर समाधान ' नामक नयाँ योजना सुरु गरेको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले यो योजनालाई सहभागी शासनलाई संस्थागत रूप दिने दिशामा एक प्रयासको रुपमा वर्णन गर्नु भएको छ| यो योजनाअन्तर्गत राज्यभर शनिवारदेखि ६३२ शिविरहरू सुरु भएका छन्, जहाँ 'द्वारे सरकार' सेवा पनि उपलब्ध छ। राज्यका ८० हजारभन्दा बढी मतदान केन्द्रमध्ये २७ हजार स्थानमा शिविर लगाउने योजना छ। शिविरहरूको सञ्चालन ६० दिनसम्म हुनेछ।

त्यसपछि ३० दिनको मूल्यांकनपछि योजनाहरू कार्यान्वयन गरिनेछ। प्रत्येक बूथका लागि १० लाख रुपियाँ छुट्याइएको छ, जसअनुसार यो योजनामा ८ हजार करोड रुपियाँ खर्च हुने अनुमान छ। शिविरहरूमा सडक, पानी, बत्ती, पोखरी सुधार, बजार, विद्यालय र सौन्दर्यीकरणजस्ता स्थानीय समस्याहरू समाधान गरिनेछ। मुख्यमन्त्रीले आशा व्यक्त गर्नु भएको छ कि यस अभियानले सरकार र जनतालाई अझ नजिक ल्याउने छ।

## हिल तृणमूल

हिल तृणमूल कांग्रेसका युवा महासचिव रमेश कडरियाले आज 'आमादेर पारा आमादेर समाधान' अथवा 'आफ्नो गाउँ आफै समाधान गरौ' भन्नेपश्चिम बंगाल सरकारको नयाँ योजनालाई गाउँका विभिन्न समस्यालाई समाधान गर्नको निम्ति आजदेखि पहाडका विभिन्न क्षेत्रहरुमा द्वारे कार्यक्रम चलिरहेको जानकारी दिनु भएको छ। उहाँले सबैलाई आ - आफ्ना विभिन्न समस्याहरु लिएर समाधानको निम्ति यस द्वारे शिविर गएर यसको लाभ उठाईदिने आवहान गर्दै जनताको समस्या सरकारले समाधान गर्ने छ भनेर बताउनु भएको छ।

## युवा कांग्रेस ऱ्याली

युवा कांग्रेसका कार्यकर्ताहरूले आज भाजपा शासित राज्यहरूमा बंगाली भाषी आप्रवासीहरूको कथित उत्पीडनको विरुद्धमा ऱ्याली निकालेका थिए। हातमा प्लेकार्ड बोकेर र नारा लगाउँदै प्रदर्शनकारीहरू राजभवनतिर लागे।
यद्यपि, राजभवन नजिकै धर्मतलामा पुलिस हस्तक्षेपका कारण कांग्रेसको ऱ्याली रोकियो र पुलिसको अवरोध तोड्न खोज्दा धेरै प्रदर्शनकारीहरूलाई पक्राउ गरियो। प्रदर्शनकारीहरूले आप्रवासीहरूलाई दुर्व्यवहार गरिएको र जबरजस्ती बंगलादेश पठाइएको आरोप लगाएका छन्। तृणमूल कांग्रेसको महिला शाखाले मेयो रोडमा धर्ना दिएर आन्दोलनलाई थप गति दियो। पार्टी नेत्री ममता बनर्जीले २८ जुलाईमा 'भाषा आन्दोलन' सुरु गर्नु भएको थियो। यद्यपि, आगामी विधानसभा चुनावसम्म यस्ता ऱ्यालीहरू जारी रहने अपेक्षा गरिएको छ।

## ब्लुम दार्जीलिङ

दार्जीलिङको मल रोड वरिपरि भोलि हजारौं एजेलिया अनि अन्य फूलका पौधाहरू रोपिने भएको छ। ताकि आगामी दिनमा दार्जीलिङको शिर मानिएको यो चौरास्ता वरिपरिको परिसर फूलै फूलले सजियोस्। सबैको मनै लोभ्याउने स्थान होस् अनि यसले स्थानीयसँगै पर्यटकहरूलाई पनि आकर्षित तुल्याओस्। यसै मूल उद्देश्य लिएर स्थानीय केही सचेत युवाहरूको सक्रियतामा ब्लुम दार्जीलिङ ब्लुम नारा दिँदै फूल रोप्ने अभियान शुरू गरिने भएको छ।

## चिया बोनस

भारतीय गोर्खा जनशक्ति फ्रन्ट अनि हिल्स तराई डुवर्स श्रमिक संगठनले यसपल्ट चिया बगानका श्रमिकहरूका लागि २०% बोनसको माग गरेका छन्। उनीहरू आफ्नो यस मागमा अडिग रहेको जानकारी मिरिक महकुमा ट्रेड युनियनका अध्यक्ष तिलक लुङ्गेली तथा आईजीजेएफका केन्द्रीय सदस्य रोजेस थापाले दिएका छन्। द्वयले यस वर्षको बोनस भुक्तानीमा २०% माग गर्दै यो मागमा कटिबद्ध रहेको बताएका छन। यस सम्बन्धमा उनीहरूले सम्बन्धित पक्षसँग वार्ता गर्ने र आफ्ना माग पूरा गराउन हरसम्भव प्रयास गर्ने बताएका छन्।

## मानव तस्करी

४१ औं बटालियन सशस्त्र सीमा बल (एसएसबी) रानीडाङ्गाको विशेष गस्ती टोलीले भारत-नेपाल सीमामा अवस्थित पानीट्याङ्की बजारबाट मानव तस्करीको ठूलो ऱ्याकेटको भण्डाफोर गरेको छ। हिजो एसएसबी टोलीले कारबाही गर्दै नेपालबाट भारतमा तस्करीको लागि ल्याइँदै गरेका सात नेपाली युवतीलाई मुक्त गरेको छ। यसका साथै भारतीय सीमामा घुसपैठ गर्ने क्रममा दुई मानव तस्कर पक्राउ परेका छन्। उद्धार गरिएका युवतीहरू नेपालको संखुवासभा जिल्लाका बासिन्दा हुन्। उनीहरूको उमेर १६ देखि २१ वर्ष बीच छ। अनुसन्धानमा नौकरीको नाममा युवतीहरूलाई हङकङ र अन्य देशहरूमा लैजाँदै गरेको खुलेको छ। यसका

लागि उनीहरूलाई पहिले भारतीय ठेगानामा नक्कली आधार, प्यान र मतदाता कार्ड बनाएर पासपोर्ट उपलब्ध गराइएको थियो। एसएसबीले युवतीहरू र दुई तस्करहरूलाई खोरीबारी पुलिस थानामा लागेको छ। पुलिसले थप कारबाही सुरु गरेको छ।

**फुटबल टुर्नामेन्ट**

खेलको क्षेत्रमा युवाहरुलाई प्रोत्साहन गर्दै चुङथुङ युथ स्पोर्टिङ्ग क्लबले आगमी 9 अगस्त देखि इन्टर गार्डन फुटबल टुर्नामेन्टको आयोजन गर्ने भएको छ। यसको जानकारी युथ स्पोर्टिङ्ग क्लबका प्रमुख सदस्यहरुले दिएका छन्। लोवर चुङथुङ उच्च विद्यालयको मैदानमा सम्पन्न हुने यस खेलको अन्तिम खेल आगमी सितम्बर महिनामा हुनेछ। यो खेल फिफाको नियममा खेलाईने सदस्यहरूले जनाए भने विजयी दललाई 50000 हजार नगद पुरस्कार अनि उप विजयी दललाई 30000 हजार नगद पुरस्कार लगायत आकर्षक ट्रफीहरु प्रदान गरिने सदस्य देव लिम्बुले जानकारी दिनु भएको छ।

**भारी वर्षा र पहिरोका कारण राष्ट्रिय राजमार्ग-१० फेरि बन्द**

सिक्किम-बंगालको जीवनरेखा मानिने राष्ट्रिय राजमार्ग-१० मा यातायात शुरु भएको छ। बिगतका केही दिनदेखि भइरहेको निरन्तर वर्षाका कारण राष्ट्रिय राजमार्गमा धेरै ठाउँमा पहिरो गएको थियो। पहाडमा वर्षाका कारण आज शनिबार १० माइलको तारखोला क्षेत्रमा फेरि पहिरो गएको छ। धेरै ठाउँमा पहाडको माथिल्लो भागबाट राजमार्गमा ढुङ्गा खसेको छ। फलस्वरूप, सिक्किमबाट कालिम्पोङ जाने यातायात ठप्प भएको छ। सिक्किम र कालिम्पोङ बीच सवारी साधन चलिरहेको भए पनि, सेतीखोलामा टिस्टाले सडकको अधिकांश भाग निलिसकेको छ। फलस्वरूप, यो ठाउँ खतरनाक बनेको छ। सडक जुनसुकै बेला बन्द हुन सक्ने डर छ। अर्कोतर्फ, टिस्टाको पानीको सतह निरन्तर बढिरहेको छ।

**रिम्बिक–लोधोमा सडक**

धोत्रे बजार मुनिको सडक भारी वर्षाका कारण जीर्ण अवस्थामा पुगेको छ। यो सडक रिम्बिक–लोधोमा क्षेत्रलाई दार्जीलिङसँग जोड्ने मुख्य मार्ग हो। स्थानीय बासिन्दा र चालकहरूले सडकको अवस्था दिनप्रतिदिन झनै नाजुक बन्दै गएको गुनासो गरेका छन्। उनीहरूले सडक निर्माणमा लापरवाही भएको अनि नयाँ बनाइएको कलवट पनि कमजोर भएको बताएका छन्। काम हुँदै गर्दा विभागले निगरानी नगरेको आरोप पनि लगाइएको छ। यस अवस्थालाई ध्यानमा राखेर क्षेत्रीय सभासद नोर्देन शेर्पा, ग्राम पञ्चायत प्रमुख, सदस्यहरू र अन्य सरोकारवालाहरूले प्रभावित ठाउँहरूको निरीक्षण गरिरहेका छन्।

****** ० ******